# १० जीवनशैलीमा आमूल सुधार

***यस अध्यायका मूल पदहरू:*** १ यूहन्ना २:१-९, फिलिप्पी २:१२-१४, मत्ती २६:३१-३५, यूहन्ना २०:२४-२९, लूका १५:११-२१, यूहन्ना ५:१-४।

***स्मरण गर्नुपर्ने पद:*** "परमेश्वरले हामीलाई निरन्तर रूपमा धेरै अनुग्रह प्रदान गरून्। त्यसैकारण धर्मशास्त्र (बाइबल)ले भन्दछ, 'जो अभिमानी छ त्यसलाई परमेश्वरले विरोध गर्नुहुन्छ। तर अभिमानले नफुल्ने मानिसहरूलाई उहाँले अनुग्रह दिनुहुन्छ।' त्यसकारण परमेश्वरको आज्ञा पालन गर्न तत्पर होऊ। सैतानको खिलाफमा उभ। तिमीहरूबाट त्यो भाग्ने छ।" (याकूब ४:६,७ रूपान्तरित)।

येशूका बाह्र चेलाहरू उहाँसँग तिन वर्ष भन्दा वढि सँगसँगै बिताएका थिए। येशूसँग उठबस भयो भन्दैमा तिनीहरू आत्मिक वा अध्यात्मिक रूपमा सम्पन्न भएको थिएन। आत्मिक आवश्यकतालाई तिनीहरूले गहिरो रूपमा बुझ्न सकेको थिएन। येशू मर्नुभएर बौरी उठ्नु हुँदासम्म पनि परमेश्वरको योजनालाई तिनीहरूले राम्रोसँग बुझ्न सकेको थिएन। यथार्थमा भनौं भने तिनीहरूले यस संसारमा येशू आउनुको मूल लक्ष्यको आत्मज्ञान भित्र पस्न तिनीहरू असफल भएका थिए। तर जब पेन्टिकोस्टको समयमा पवित्र आत्मा तिनीहरूमा खनियो तब मात्र तिनीहरूका भित्री हृदयलाई परमेश्वरको अनुग्रहले छुन सकेको थियो। ख्रीष्टप्रतिको शङ्का उपशङ्का गरेर कठोर भएका तिनीहरूका हृदयहरू पवित्र आत्मा आएपछि ख्रीष्टको प्रेमले छिया छिया पारे। त्यस बेला तिनीहरूले असली रूपमा आत्मिक पुनर्जागरणको अनुभव गरे र जीवनशैलीमा आमूल सुधार ल्याउनु पर्ने रहेछ भनेर महशूस गरे।

**आत्मिक जागृती वा नव जागरण भनेको गहिरो रूपमा भित्री आत्माको चाहनालाई फेरि जगाउनु हो। पवित्र आत्माको अगुवाईलाई पहिचान गरेर उहाँको आवाजलाई सकार्दै जब हाम्रा हृदयहरू परमेश्वरको नजिक ल्याउँदछौं तब सच्चा मनले उहाँका आज्ञाहरूलाई शिरोपर गर्न चाहेका हुन्छौं, र त्यसको साथै उहाँको सेवा गर्न पनि उत्सुक हुन्छौं। आत्मिक पुनर्जागरणको अर्थ विगत समयमा येशूसँग अनुभव भएको थिएन**

भन्ने होइन। बरू उहाँसँग हुने अनुभवको गहिऱ्याईमा जान र उहाँसँगको सम्बन्धमा अत्यन्त धनी हुन त्यस अध्यात्मिक पुनर्जागरणले आह्वान गर्दछ। अनि परिवर्तित जीवन बिताउन र जीवनको आवश्यक पक्षहरूलाई अघि बढाउन रिफोर्मेशन अर्थात् आमूल सुधारले आह्वान गर्दछ। त्यसले हामीहरूको आत्मिक जीवनहरूलाई सपार्दै लान उत्साह प्रदान गर्दछ। हामीहरूको जीवन बाइबल सम्मत छ कि छैन वा नितिगत छ कि छैन भनेर आलोचनात्मक तरिकाले जाँच्न मौलिक सुधार प्रक्रियाले आमन्त्रण गर्दछ। जीवनशैलीमा आमूल सुधार ल्याउने चाहनाले पवित्र आत्मालाई काम गर्न हामी दिँछौं र परमेश्वरको इच्छालाई असली रूपमा पालन गराउन चाहिने आवश्यक परिवर्तनलाई सघाउन उहाँलाई बाटो खुला गरिदिन्छौं।

नयाँ करामा धेरै येशूभक्तहरूको जीवन कहानी छन्। परमेश्वरलाई सम्पूर्ण हृदयले आफ्ना जीवनहरूलाई सुम्पिँदा तिनीहरू आत्मिक रूपमा कस्तो खालको अनुभव गरे, विश्वासमा हुर्के र जीवनशैलीमा आमूल परिवर्तन ल्याए भनेर नयाँ करारका केहि विश्वासीहरूको छोटो वृतान्त यस अध्यायमा हामी अध्ययन गर्नेछौं।

## १. अध्यात्मिक जीवनमा वढ्न परमेश्वरको अनुग्रह (लूका ९:५१-५६)

येशूसँगसँगै हिँडेका उहाँका चेलाहरूको आत्मिक विकास पनि निरन्तर रूपमा अघि वढिरहेको थियो। येशूले ती चेलाहरूलाई आफ्नो नबनाउँञ्जेल तिनीहरूको मनस्थिति वा प्रवृत्ति र क्रियाकलापहरूले परमेश्वरको सुन्दर चरित्रलाई प्रतिविम्ब गर्न सक्षम् भएका थिएनन्।

पछि येशूको निम्ति जीवन दिने तर उहाँलाई पहिला नबुझ्ने याकूब र यूहन्नाको सोच कस्ता थिए भनेर देहायका पदहरूले बताएको हेर्नुहोस्: लूका ९:५१-५६, "स्वर्ग जाने समय हुन लागेकोले येशू अठोट लिएर यरूशलेमतिर लाग्नुभयो। ५२ येशूले 'पहिले नै सबै कुरा तयार पार्दै गर' भनेर केही मानिसहरूलाई सामरिया क्षेत्रको एउटा गाउँमा पठाउनुभयो। ५३ तर उहाँ यरूशलेम जाँदै हुनुहुन्छ भन्ने कुरा थाहा पाएर कसैले पनि उहाँको स्वागत-सत्कार गरेनन्। ५४ यो देखेर याकूब र यूहन्नाले येशूलाई भने, "प्रभु, स्वर्गबाट आगो झारेर हामी तिनीहरूलाई नाश गरौं भन्ने तपाईं चाहनुहुन्छ ?"

५५ तर येशूले फनक्क फर्केर तिनीहरूलाई त्यसो भनेकोमा हप्काउनुभयो। अनि यसरी भन्नुभयो, "तिमीहरूमा कस्तो खालको मन हुनुपर्छ, त्यो त तिमीहरूले बुझेकै रहेनछौ। म मानव पुत्र त मानिसहरूलाई नाश गर्न भनेर होइनँ, तर तिनीहरूलाई बचाउन पो आएको हुँ।" ] ५६ त्यसपछि उहाँ तिनीहरूलाई लिएर अर्को गाउँमा जानुभयो।" मत्ती २०:२०-२८, "त्यसपछि जब्दियाका दुई छोरा (याकूब र यूहन्ना) आफ्नी आमासँग येशूकहाँ आए। तिनीहरूकी आमाले येशूको पाउमा परेर बिन्ती गरिन्, "मलाई दया गर्नुहोस्।" २१ येशूले तिनलाई सोध्नुभयो, "भन त, तिमी के चाहन्छौ ?" तिनले भनिन्, "बिन्ती छ, हजुर राजा हुनुहुँदा मेरा यी दुई छोरा हजुरको दाहिने र देब्रेपट्टि बस्न पाऊन्।" २२ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरूले के माग्दै छौ, त्यो तिमीहरूलाई थाहै छैन। के मैले पिउनुपर्ने दुःखको घुट्को तिमीहरू पनि पिउन सक्छौ ?" तिनीहरूले सक्छौं भनेर जवाफ दिए। २३ तब येशूले भन्नुभयो, "हो, मैले पिउने घुट्को तिमीहरू पनि पिउनेछौ। तर मेरो दाहिने र देब्रेपट्टि बस्नचाहिँ मैले दिने कुरा होइन। यी ठाउँहरू त मेरा पिताले जसको लागि तयार पार्नुभएको छ, उसलाई नै दिनुहुनेछ।" २४ यो कुरा सुनेर अरू दश जना चेलाहरूचाहिँ ती दुईसँग रिसाए, २५ अनि येशूले तिनीहरू सबैलाई एउटै ठाउँमा बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहै छ, संसारका राजाहरूले आफ्ना प्रजामाथि आफूखुसी गरेर हक चलाउँछन् अनि ठूला मानिसले अरूहरूमाथि अधिकार जमाउँछन्। २६ तर तिमीहरूमा चाहिँ त्यस्तो हुनुहुँदैन। तिमीहरूमा त ठूलो हुन खोज्नेले सबैको सेवा गर्नुपर्छ। २७ सबैभन्दा ठूलो हुन चाहनेचाहिँ सबैको नोकर हुनुपर्छ। २८ त्यसरी नै म मानव पुत्र पनि अरूबाट सेवा पाउन होइन, तर अरूको सेवा गर्न र धेरैलाई छुटकारा दिन आफ्नै प्राण त्यागिदिन आएको हुँ।"

**येशूका प्रखर चेला बन्न पुगेका याकूब र यूहन्नाको चरित्रमा केहि गम्भिर कमजोरीहरू थिए। त्यस ताका यस संसारलाई ख्रीष्टको प्रेम देखाउन तिनीहरू तयार भएका थिएनन्। तिनीहरूको आफ्नै जीवन परिवर्तन नभएकोले अनुग्रहको सन्देश अरूलाई सुनाउन तिनीहरू सक्षम् भएका थिएनन्।**

**तर पछि गएर याकूब र यूहन्नाले येशूको स्वभावलाई पूरारूपमा देखाउन ठूलो चाहना गरे। तिनीहरूको आफ्नै मनस्थितिलाई परिवर्तन र**

**सुधार गर्न तिनीहरूले चाहना गरे। आत्मिक विकास र सुधारिएको जीवन, हामीहरूको इसाई अनुभवका पक्षहरू हुन्।**

येशूको मृत्यु भएको केहि वर्षपछि यूहन्नाको जीवनमा भारी परिवर्तन आएको थियो। उनको सोचाई र आचरणमा आमूल सुधार आएको थियो। येशूको पछि पछि हिंड्नु भनेको के हो भनेर सिकाउन उनी पूर्ण रूपमा सक्षम् हुन पुगेका थिए। १ यूहन्ना २:१-१०ले उपरोक्त कुरालाई यसरी पुष्टी गर्दछ, "प्यारा बालकहरू हो, तिमीहरूले पाप नगर भनेर तिमीहरूलाई यो लेख्दै छु। तर कसैले पाप गरिहाल्यो भने पनि हाम्रो पक्षमा परमेश्वरसँग बिन्ती गरिदिनुहुने एक जना धार्मिक येशू ख्रीष्ट हामीसँग हुनुहुन्छ। २ उहाँ हाम्रो पाप मेट्न नै बलिदान हुनुभएको हो। हाम्रो लागि मात्र होइन, तर सबै मानिसका लागि हो। ३ हामीले उहाँको आज्ञा मान्ने गर्‍यौं भने साँच्चै हामीले उहाँलाई चिनेका रहेछौं भनेर थाहा हुन्छ। ४ कसैले उहाँलाई चिन्छु भन्छ तर उहाँको आज्ञा मान्दैन भने त्यो झूटो हो अनि त्यसमा सत्य हुँदैन। ५ तर जसले उहाँको वचन मान्ने गर्छ, उसले परमेश्वरलाई पूरा प्रेम गरेको हुन्छ। यसैबाट हामी उहाँमा छौं भनेर जान्नेछौं। ६ परमेश्वरमा छु भन्ने मानिसले ख्रीष्टकै जस्तो चालचलनमा हिंड्नुपर्छ। ७ प्रिय भाइहरू, तिमीहरूलाई लेखेको यो आज्ञा नयाँ होइन। तर सुरुदेखि नै चलिआएको पुरानो आज्ञा हो अनि तिमीहरूले सुनेका शिक्षा नै पुरानो आज्ञा हो। ८ तैपनि मैले लेख्न लागेका आज्ञाचाहिँ नयाँ हो। यसको सत्य ख्रीष्टमा देखा परेको छ र तिमीहरूमा पनि देखिन्छ किनभने अँध्यारो हराउँदै जाँदै छ र उज्यालो आउन थालिसकेको छ। ९ कसैले उज्यालोमा छु भन्छ तर आफ्नो भाइलाई नै हेला गर्छ भने त्यो अझै अन्धकारमा नै छ। १० आफ्नो भाइलाई माया गर्नेचाहिँ उज्यालोमा हुन्छ र अरूलाई बाधा हुने कुनै कुरा उसमा हुँदैन। ११ भाइलाई हेला गर्नेचाहिँ अँध्यारोमा हुन्छ। अँध्यारोमा हिंड्दा कहाँ जाँदै छ, उसलाई पत्तो हुँदैन किनभने अँध्यारोको कारणले आँखा देख्दैन।"

अध्यात्मिक रूपमा कमजोर भएको पाउँदा निराश हुनु धेरै सजिलो छ। "कति वर्ष भयो चर्चमा आएको वा येशूलाई विश्वास गरेको, तै पनि मैले आत्मिक रूप वा आत्माज्ञानमा धेरै हुर्कन सकेको छुइन।" भनेर कतिपयले तितो गुनासो गरेको पाइन्छ। अझ झन जब हामी भित्री हृदयदेखि नै आत्मिक पुनर्जागृती ल्याउन चाहन्छौं र जीवनशैलीमा सुधार

ल्याउन चाहन्छौं तैपनि पछि हटिरहेको पाउँदा हतोत्साह हुने स्वभाविकै हो। तर मानौं तपाईं त्यस कुरामा निराश हुनुभयो रे र आत्मिक रूपमा असफल हासिल गरिरहनुभएको छ रे र तपाईं मुक्ति पाउन सम्भावना नभएको अनुभव गरिरहनुभएको छ रे ? त्यस्तो परिस्थितिमा तपाँईले परमेश्वरका कुन कुन प्रतिज्ञाहरूलाई दावी गर्न सक्नुहुन्छ जसले गर्दा तपाईं कहिलै पनि निराश हुनुहुन्न भनेर यकिन गराउँछन्? तपाईंको कमजोरको बाबजूद पनि तपाईंको निम्ति मुक्ति सुरक्षित हुनसक्छ भनेर बाइबलमा कस्ता प्रतिज्ञाहरूले तपाईंलाई हौसला प्रदान गर्न सक्दछ?

## २. आत्मनिर्णयको अधिकार अर्थात् रोज्ने शक्ति (फिलिप्पी २:१२-१४)

आफ्नो अन्तस्करणको चाहना अनुसार जब कोही मानिसले येशू ख्रीष्टलाई स्वीकार गर्दछ तब उसको आत्मिक जीवनमा भारी परिवर्तन आउँछ। जब हाम्रो आत्मिक परिवर्तन हुन्छ तब हाम्रो चोला वा जीवनशैली वा आचरणमा पनि परिवर्तन वा संसोधन ल्याउन त्यस आत्मिक परिवर्तनले माग गर्दछ। जब पवित्र आत्माको शक्तिले हामीहरूको जीवनलाई परमेश्वरको सदिच्छामा समर्पण गर्दछौं तब त्यो माग पूरा हुन्छ। एउटा कुरामा प्रत्येक मानव जाति पक्का हुनुपर्दछः त्यो हो हामीहरूको चाहना वा आत्मनिर्णयलाई परमेश्वरले जबरजस्ती उहाँको इच्छालाई कहिलै पनि लाद्नु हुन्न। हाम्रो आत्मनिर्णयको स्वतन्त्रतालाई उहाँले आदर गर्नुहुन्छ। जुन कुरो ठिक, न्यायोचित र उचित छ त्यसलाई पालन गर्न पवित्र आत्माले घचघचाउनु त हुन्छ। तर त्यसलाई जवाफ दिने नदिने अधिकार हामीलाई नै सुम्पिएको छ। अर्थात् पवित्र आत्माको अगुवाईलाई ग्रहण गर्ने वा नगर्ने भनेर रोज्ने अभिभारा प्रत्येक मानिसको हो। (त्यस आत्मज्ञानलाई बुझ्न सक्षम् भएको मानिसले "मलाई फलानाले क्रिश्चियन बनायो" भन्ने तर्क गलत भनेर सम्झिन्छ। किनभने कसैले कसैलाई पनि इसाई बनाउन सक्दैन। यदि कोही व्यक्ति इसाई अर्थात् येशू भक्त हुन्छ भने त्यो उसको रोजाई हो। फलानाले येशूको बाटो देखाइ देला तर त्यस अनुसार चल्न वा नचल्ने अभिभारा श्रोताको हो। परमेश्वर आफैले पनि कसैको आत्मनिर्णय बिना उहाँलाई ग्रहण गर्न बलजफत गर्नु हुन्न भने, कुनै मानिसले अरूको त्यस आत्मनिर्णयको स्वतन्त्रतालाई हनन गर्न के अधिकार छ? त्यसको अर्थ बाइबलले स्वविवेकको स्वतन्त्रतालाई उच्च कदर गर्दछ। यदि कोही

मानिस इसाई हुन्छ भने ऊ कुनै जात, धर्म, बंश वा अरूको चापमा होइन आफ्नै इच्छामा हुनुपर्दछ। परमेश्वर बहुमतमा होइन कदरमतको सम्मान गर्नुहुन्छ। अरूको वचन, आचरणको प्रभावमा कुनै व्यक्ति इसाई त होला तर यदि उसको दवावमा इसाई भयो भने त्यो इसाई लक्षहिन हुन वढि सम्भावना हुन्छ। -अनुवादकको टिप्पणी)।

जब हामी आफ्नै विवेकको स्वतन्त्रतालाई उपयोग गरि येशूलाई विश्वास गर्दछौं तब हामी अनुग्रहमा पनि वढ्छौं, अनुग्रहको विकास गर्न हामी परमेश्वरसँग सहकार्य गर्नुपर्दछ। फिलिप्पी २:१२-१४मा पावलले एक अचम्मको कुरो खुलाइ दिएको छ। उनले भन्छन्, “आफ्नो मुक्तिको लागि काम गर वा प्रयास गर" (पद १२) तर “त्यो काम परमेश्वरले नै तिमीमा गर्नुहुन्छ?" त्यसको अर्थ के हो, ती पदहरू पढेर बुझ्न प्रयास गर्नुहोस्। हेर्नुहोस्: “१२ यसकारण प्यारा दाजुभाइहरू हो, म तिमीहरूसँग हुँदा तिमीहरूले सधैं मेरा कुराहरू मान्यौ, अहिले म टाढा हुँदा पनि तिमीहरूले मेरा कुराहरू मान्न झन् खाँचो छ। तिमीहरूले डरले काम्दै आफूले पाएको मुक्तिलाई व्यवहारमा लेओ १३ किनभने परमेश्वरले तिमीहरूमा काम सधैं गरिरहनुभएको छ। उहाँले नै तिमीहरूलाई उहाँको उद्देश्य पूरा गर्न मन र सामर्थ दिनुहुन्छ। १४ कुनै काम गर्दा झर्को नमानी गर।" (फिलिप्पी २:१२-१४)।

जब परमेश्वरले उहाँको शक्तिद्वारा हामीमा काम गर्नुहुन्छ तब अनुग्रही र बलवान जीवन बिताउने चाहनालाई उहाँले सक्षम बनाइ दिनुहुन्छ।

“पापी र सिमित ज्ञान भएको मानिसले आफ्नो मुक्तिको निम्ति डर र थरथर काम्दै काम गर्नुपर्दछ। तर त्यो काम गर्ने वातावरण अर्थात् उर्जा परमेश्वरले नै दिनुहुन्छ। त्यस मानिसद्वारा परमेश्वरले आफ्नो असली प्रशन्नता दर्शाउन चाहनु हुने भएकोले उहाँ रहेर नै त्यस मानिसमा काम गर्नुहुन्छ। तर त्यस मानिसको मिलोमत्तो वा सहयोग बिना परमेश्वरले काम गर्नुहुन्न। मानिसले पाएको आफ्नो सम्पूर्ण असली सामर्थहरूलाई प्रयोग गर्न आफ्नो शक्तिलाई परिचालन गर्नुपर्दछ। आफू सिक्न चाहने छात्र वा शिष्यको रूपमा ख्रीष्टको स्कुलमा मानिसले सुम्पन्नु पर्दछ। जब उसले येशूको अनुग्रहलाई स्वीकार गर्दछ तब उसमा भएको ख्रीष्टको विचारले पापको प्रत्येक भारलाई पन्छाउन निर्णय गर्न सघाउँछ। तब परमेश्वरको सम्पूर्णता र प्रेमले उसको हृदय भरिपूर हुन्छ।"-एलेन

जी ह्वाइट, *फन्डामेन्टल अभ क्रिश्चियन एजुकेशन,* पृ. १३४बाट रूपान्तरित।

पापको फोहरले बेरिएको कुनै पनि पक्षलाई परमेश्वरमा समर्पण गर्न जब हामी निर्णय गर्छौं तब परमेश्वरको मिलोमत्तोमा हाम्रो जीवन सुधारिन्छ। जबसम्म हामीले जानाजानी जे अनुचित छ, जे पापपूर्ण छ, जे वेठिक छ त्यसलाई पकडी राख्छौं तब सम्म हाम्रो जीवनले सकारात्मक आत्मिक परिवर्तनको अपेक्षा गर्न सक्दैन।

हामीहरूको अनुमतिबिना परमेश्वरले हामीमा भएको कुनै स्वार्थी विचारलाई झिकेर फँक्नुहुन्न। हामीमा भएको अस्वस्थ खराब बानीव्यहोरा वा आचरणलाई परमेश्वरले गोप्य रूपमा हटाउनुहुन्न। हाम्रो पापलाई उहाँले सजग गराउनुहुन्छ। परमेश्वरले जे गर्नुहुन्छ वा भन्नु हुन्छ वा देखाउनु हुन्छ सो ठिक छ भनेर हामीलाई उहाँले महशूस गराउनुहुन्छ। तर त्यस महशूसलाई जानेर उहाँको मार्गमा हिँड्ने वा नहिँड्ने निर्णय हामीले नै गर्नुपर्दछ। जब हामी उहाँको बाटोमा हिँड्न चाहना व्यक्त गर्छौं तब अरू असल कुराहरू रोज्न उहाँले उर्जा वा शक्ति प्रदान गर्नुहुन्छ। तर एक पल्टमात्र होइन दिनदिनै परमेश्वरको इच्छा अनुसार चल्न हामीले निर्णय गर्नुपर्दछ।

हामीहरूको मुक्तिको निम्ति परमेश्वरसँग मिलोमत्तो गर्नु पर्छ भन्नुको अर्थ के हो? त्यसको अनर्थ के होला? तपाईंले पकडी राख्नुभएको पापलाई पछिल्लो पल्ट तपाईंले कहिले छोड्नुभयो?

## ३. परमेश्वरप्रति भरोसा वा आस्था र शङ्का (मत्ती २६:३१-३५)

येशू ख्रीष्टलाई क्रुसमा टाँग्नु भन्दा पहिले पत्रुसले उहाँसँगै मर्न प्रतिबद्धता जनाएका थिए। त्यो प्रतिज्ञामा उनको खोट के थियो? हेर्नुहोस्ः मत्ती २६:३१-३५, " त्यस बेला येशूले चेलाहरूलाई भन्नुभयो, "आज राती तिमीहरू सबै जना मलाई छोडेर भाग्नेछौ। किनभने धर्मशास्त्रमा यस्तो लेखिएको छ– म गोठालालाई मार्नेछु र भेडाहरू तितरबितर हुनेछन्। तर मरेकोबाट बिउँतेपछि म तिमीहरूभन्दा अघि गालीलमा जानेछु।" यत्तिकैमा पत्रुसले येशूलाई भने, "सबैले छोडेर भागे पनि मचाहिँ तपाईंलाई कहिल्यै छोड्नेछैन।" येशूले भन्नुभयो, "साँच्चै म तिमीलाई भन्छु, भोलि बिहान भाले बास्नुभन्दा अघि नै मलाई चिन्दैचिन्दिनँ भनेर तिमीले तीनपल्टसम्म इन्कार गर्नेछौ।" "तपाईंसँग

मर्नुपरे पनि म तपाईंलाई चिन्दिनँ भनेर कहिल्यै पनि भन्नेछैन!"– पत्रुसले जवाफ दिए। अरू सबै चेलाहरूले पनि त्यसै भने।

एउटा सत्यतालाई कसैले नकार्न सक्दैन त्यो हो सैतानसँग प्रतिस्पर्धा गर्नु। पत्रुसले सकेन। सैतानले ल्याएको परिक्षालाई आफ्नै शक्तिले, आफ्नै बाहुबल वा बुद्धिले सामना गर्न खोजे। अरू भन्दा आफू येशूप्रति कति धेरै बफादारी छु भनेर धार्मिक अभिमानी उनले देखाएका थिए। उनलाई कस्तो परिक्षा आउँछ भन्ने यथार्थलाई कमै जानेका थिए।

जब येशूलाई पक्रे र उहाँमाथि मुद्दा चलाएर अपर्झत रात्री अदालत बसेर उहाँलाई क्रुसमा झुन्ड्याउन फैसला सुनाएपछि उनलाई क्रुसमा टाँग्न लगिन्दैथियो त्यसबेला पत्रुस अदालतको परिसरमा आगो ताप्दै थिए। त्यहाँ उनको र अपरिचित व्यक्तिहरूको बिचमा कुराकानी भएको थियो। त्यसबेला उनले येशूलाई सरासर इन्कार गरेका थिए। हेर्नुहोस्: मत्ती २६:६९-७५, "त्यस बेलासम्म पत्रुस बाहिर आँगनमा नै बसिरहेका थिए। एउटी नोकर्नी आएर तिनलाई भनी, "तिमी पनि त गालीलका येशूसँगै थियौ नि, होइन र?" ७० तर पत्रुसले सबैको अगाडि, "होइन, तिमीले गरेको यो कुरा मैले बुझिनँ!" ७१ भनेर आँगनको ढोकातिर गए। ढोकानेर अर्की एउटी नोकर्नीले त्यहाँ भएका मानिसहरूलाई भनी, "यी मानिस पनि त नासरतका येशूसँगै थिए नि!" ७२ फेरि पत्रुसले शपथ हालेर भने, "म त त्यस मानिसलाई चिन्दै चिन्दिनँ!" ७३ केही बेरपछि त्यहाँका मानिसहरूले पत्रुसकहाँ आएर भने, "साँच्चै तिमी पनि ऊसँगै थियौ, तिम्रो बोलीले नै यो कुरा थाहा हुन्छ नि!" ७४ अनि फेरि पनि पत्रुसले शपथ हालेर भने, "मैले ढाँटेको हो भने परमेश्वरको दण्ड ममाथि नै परोस्, म त त्यस मानिसलाई चिन्दै चिन्दिनँ!" त्यसो भन्नेबित्तिकै भाले बासिहाल्यो ७५ र "भाले बास्नुभन्दा अघि मलाई तीनपल्टसम्म चिन्दै चिन्दिनँ भनेर इन्कार गर्नेछौ," भनी येशूले भन्नुभएको कुरा पत्रुसले सम्झे। उनी बाहिर गएर धुरुधुरु रोए।"

अघिबाटै चेतावनी दिँदै येशूले पत्रुसलाई भन्नु भएको थियो, "त्यसपछि येशूले भन्नुभयो, "सिमोन, ए सिमोन सुन, शैतानले तिमीहरू सबैलाई गहुँजस्तै गरी निफन्ने आज्ञा पाएको छ। ३२ तर तिम्रो विश्वास नहराओस् भनेर मैले प्रार्थना गरेको छु। फेरि मकहाँ फर्केपछि तिमीले आफ्ना दाजुभाइहरूलाई पनि दरिलो पार्नुपर्छ।" (लूका २२:३१,३२)। पत्रुसको आत्मिक अवस्थालाई येशूले घतलाग्दोपूर्वक चित्रण गर्नुहुन्छ।

जब पत्रुसले आफ्नै बलमा भर परे तब उनी उसको प्रभुबाट तर्के। त्यसैकारण येशूले यी पदहरू प्रयोग गर्नुभयो, "जब तिमी फेरि मकहाँ फर्केपछि....।"

पत्रुसमा आत्मिक पुनर्जागरणको आवश्यक थियो। उनको मनस्थितिलाई परिवर्तन गर्नु परेको थियो। त्यसको साथै उनको आचरणमा पनि सुधार गर्नु परेको थियो। उनको जीवनमा काँचुली फेर्न आवश्यक थियो।

त्यहि सन्दर्भमा थोमसको बारेमा पनि हामी हेर्न सक्छौं। येशू बौरी उठ्नुभएपछि थोमसको अनुपस्थितिमा उहाँ चेलाहरूकहाँ देखा पर्नुभएको थियो। पछि येशूलाई देखेको भनेर अरू चेलाहरूले थोमसलाई भने त्यसबेला उनको प्रतिक्रिया कस्तो थियो र त्यसबाट हामीले पनि के पाठ सिक्नसक्छौं, हेर्नुहोस्, यूहन्ना २०:२४-२९, " येशू चेलाहरूका बीचमा आउनुहुँदा जुम्ल्याहा भनिने थोमसचाहिँ त्यहाँ थिएनन्। २५ अरू चेलाहरूले उनलाई 'हामीले प्रभुलाई देख्यौं' भनेर बताए। तर थोमसले भने, "जबसम्म म आफैंले उहाँका हातमा काँटीको डोब देख्दिनँ र आफ्नै औंलाले त्यो काँटीको डोब छुँदिनँ र मेरो हातले उहाँको कोखामा छाम्दिनँ, तबसम्म म विश्वासै गर्दिनँ!" २६ एक हप्तापछि चेलाहरू घरमा ढोका थुनेर बसिरहेका थिए। यसपल्टचाहिँ थोमस पनि तिनीहरूसँगै थिए। ढोका थुनिएकै बेलामा येशूले तिनीहरूको बीचमा आएर भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्!" २७ थोमसलाई आफ्नो हात देखाएर भन्नुभयो, "यहाँ हेर, तिम्रो औंलाले मेरा हातमा छोऊ र मेरो कोखामा छाम! शङ्का होइन तर विश्वास गर।" तिम्रो औंलाले मेरा हातमा छोऊ र मेरो कोखामा छाम! |२८ त्यही बेला थोमसले "हे मेरा प्रभु, हे मेरा परमेश्वर!" भन्दै येशूको पाउमा परे २९ अनि येशूले भन्नुभयो, "थोमा, तिमीले त मलाई देखेर विश्वास गरेका छौ, तर नदेखी विश्वास गर्नेहरू कति धन्यका हुन्।"

दुवै पत्रुस र थोमासले आफ्नो विश्वासको बारेमा राम्रोसँग जान्न प्रायजसो एउटै प्रकारले असफल भएको थियो। पत्रुसलेचाहिँ आफूले के गर्न सक्छ त्यसमा उनको विश्वास थियो भने थोमासले प्रत्यक्ष नदेखिकन विश्वास नगर्ने प्रतिवद्धता जनाएका थिए। कमजोर मानविय निर्णयमा तिनीहरू भर परेका थिए। तर जब पेन्टिकोस्टमा जे भयो त्यसले तिनीहरूको दिमागमा भारी परिवर्तन ल्याएको थियो। पेन्टिकोस्टको

दिनमा पवित्र आत्मा पाएपछि डरछेरूवा पत्रुस निडर भएर हजारौंको सामु प्रचार गरे। उनको प्रवचनबाट प्रभावित भएर तिन हजार मानिसहरूले त्यतिखेर नै बप्तिस्मा लिएका थिए (प्रेरित २:४१)। एक दिन मन्दिरको ढोकामा पुग्दा उनले एक जना लङ्गडो मानिसको सामना गर्न पुगेका थिए। त्यसलाई चङ्गाई गर्न ऊसँग शक्ति थिएन। तर जीवित येशूसँग शक्ति थियो र उहाँको नाउँले त्यस लङ्गडोलाई निको पारे (प्रेरित ३:२-९)। जब त्यसबेलाको धार्मिक अगुवाहरूले उनलाई चुप लाग भनेर निर्देशन दिएका थिए, उनले भने, "हामीले अरू केहि पनि गर्न सक्दैनौं। हामीले जे देख्यौं र जे सुन्यौं त्यसको बारेमा बोल्न हामीलाई कर लाग्छ।" (प्रेरित ४:२० रूपान्तरित)। पत्रुसको क्रियाकलापले उनी आमूल रूपमा परिवर्तन भएको मानिस भनेर देखाउँछ। थोमस भारतमा गएर येशूको बारेमा प्रचार गरेका थिए भनेर इतिहासले बताउँछ। त्यसबेला भारतका अतिवादीले उनको हत्या भएको थियो भनेर इतिहासले उल्लेख गरेको छ। थोमसको बारेमा बाइबलमा धेरै नलेखिएतापनि उनी पनि पेन्टिकोस्टपछि भारी परिवर्तन भएको थियो भनेर हामी भन्न सक्छौं।

तपाईं थोमस जस्तो हुनुहुन्छ कि पत्रुस जस्तो? तिनीहरूको अनुभवबाट तपाईंले के पाठ सिक्नुहुन्छ जसले गर्दा तपाईं पनि तिनीहरूले जस्तो भुल नगरोस्?

## ४. फर्कन दृढ विश्वास (लूका १५:११-२१)

लूका १५:११-३२मा उडन्ता पुत्र अर्थात् आफ्नो घरलाई तिरस्कार गरेर विदेशमा पलायन भएको केटाको बारेमा येशूले भन्नुभएको अर्तीकथा छ। विदेशमा त्यसले दुःख पाएपछि उसको मनस्थिति र क्रियाकलापमा निश्चित परिवर्तन आएको थियो। हेर्नुहोस्: "येशूले फेरि भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए। १२ कान्छा छोराले बुबालाई भन्यो, 'बुबा, मैले पाउनुपर्ने धन-सम्पत्तिको अंश मलाई दिनुहोस्।' बुबाले पनि आफ्नो सम्पत्ति दुवै भाइलाई बाँडिदिए। १३ "केही दिनपछि कान्छो छोरा आफ्नो भएभरको सम्पत्ति लिएर अर्कै देशमा गयो। त्यहाँ उसले मोज-मज्जामा सबै धन उडायो। १४ सबै धन-सम्पत्ति सकेकै बेलामा त्यस देशमा ठूलो अनिकाल पऱ्यो र उसले धेरै दुःख पायो १५ अनि ऊ त्यस देशको एक जना मानिसकहाँ काम गर्न भनेर गयो। त्यस मानिसले उसलाई सुँगुर चराउने काममा लगाए।

१६ उसले सुँगुरको चारो खाएर भए पनि पेट भर्न चाहन्थ्यो। तर
कसैले पनि उसलाई खानेकुरा दिएन। १७ “त्यतिखेर पो बल्ल उसको
चेत खुल्यो र उसले भन्यो, ‘मेरा बुबाकहाँ नोकरहरूले पेटभरि खाएर
उबार्छन् पनि। मचाहिँ यहाँ भोक-भोकै मर्न लागिरहेको छु। १८ अब
म बुबाकहाँ गएर भन्छु– बुबा, मैले परमेश्वर र तपाईंको विरोधमा पाप
गरें। १९ अब त मलाई तपाईंको छोरा भन्न पनि सुहाउँदैन। तर
मलाई दया गरी एक जना नोकरजस्तै सम्झेर राख्नुहोस्।’ २०
त्यसपछि ऊ उठेर बुबाकहाँ फर्क्यो। बुबाले उसलाई टाढैबाट
आइरहेको देखे। उनको हृदय मायाले भरिएर आयो र उनी छोरालाई
भेट्न दगुरे र खुसी हुँदै छोरालाई अँगालो हालेर म्वाइँ खाए। २१ अनि
छोराले भन्यो, ‘बुबा, मैले परमेश्वर र तपाईंको विरोधमा पाप गरेको
छु। अब मलाई तपाईंको छोरा भन्न पनि सुहाउँदैन।’ २२ तर
बुबाचाहिँले नोकरहरूलाई बोलाएर भने, ‘झट्टै सबभन्दा राम्रो लुगा, औंठी
र जुत्ता ल्याएर यसलाई लगाइदेओ। २३ अनि भोजको लागि सबै कुरो
ठीकठाक पार। मोटो बहर काट र खाएर खुसी मनाऔं। २४ मरेको
यो मेरो छोरा बाँचेर आयो, ऊ हराएको थियो अब भेटियो!’ तब
खुसीयालीको साथमा भोज सुरु भयो। २५ “त्यति बेला जेठो छोराचाहिँ
खेतमा थियो। फर्केर घरनेर आइपुग्दा उसले बाजा बजाएर धुमधामसँग
नाच-गान भइरहेको सुन्यो २६ अनि एक जना नोकरलाई बोलाएर, ‘यो
सब बाजा-गाजा, नाच-गान केको लागि हो?’ भनेर सोध्यो। २७ नोकरले
भन्यो, ‘तपाईंको भाइ फर्केर आउनुभएको छ। उहाँ आरामै
आउनुभएकोले तपाईंका बुबाले ठूलो भोज लगाएर खुसीयाली
मनाउनुभएको हो।’ २८ यो सुनेर दाजुचाहिँ साह्रै रिसायो र घरभित्र
जान पनि मानेन। बुबाले आएर उसलाई बिन्ती गर्दै फकाउन लागे।
२९ तर उसले बुबालाई यसरी जवाफ दियो, ‘यति वर्षदेखि मैले
तपाईंको नोकरजस्तै भएर काम गरें। तपाईंले दिनुभएको सबै आज्ञा
मैले मानेको छु। तर मलाई चाहिँ कहिले पनि साथीहरूसँग मिलेर खान
एउटा पाठोसम्म पनि दिनुभएन। ३० तर तपाईंको धन-सम्पत्ति
वेश्याहरूसँग उडाउने छोरा आउँदाचाहिँ तपाईंले यत्रो ठूलो भोज
लाउनुभयो।’ ३१ बुबाले उसलाई भने, ‘हेर् छोरा, तँ त सधैंभरि मसँगै
छस्। मेरो भएभरको सम्पत्ति तेरै हो! ३२ हामीले आज भोज लगाएर

खुसीयाली मनाउनु नै पर्नेथियो किनभने मरेको त्यो तेरो भाइ जिउँदो पाइयो, त्यो हराएको थियो, अब भेटियो' ।"

आत्मिक पुनर्जागरण अर्थात् जागृति विभिन्न किसिमले वाख्या गर्न सकिन्छ। तर जुन किसिमले वाख्या गरेतापनि एउटा मूल कुरा थाहा पाउन चुक्नुहुन्नः आत्मिक पुनर्जागरण अर्थात् जागृति भनेको अर्थ, घर फर्कनु हो। सनातनका सृष्टिकर्ता परमपिता परमेश्वरको प्रेमको गहिऱ्याई बुझ्न भित्री हृदयदेखि चाहना गर्नु प्रत्येक मानिसको स्वभाव हो। (जन्तु जनावर शारीरिक र केहि हदमा मानसिक प्राणी हो भने मानव जाति शारीरिक र मानसिक प्राणीमात्र नभएर आत्मिक अर्थात् परमेश्वरप्रति आस्था राख्ने गुण बोकेर सृष्टि भएका हुन्। जन्तु जनावर र मानिसको बिचमा मूल भिन्नता यहि हो। तर जब मानिसले आत्मज्ञानको चाहनालाई तिरस्कार गर्छ वा दवाउँछ भने त्यो मानिस कुन स्तरमा पुग्ने रहेछ भन्ने कुरो पाठकले नै जानुन्-अनुवादकको मनतव्य)। अनि आमूल सुधारिएको जीवन वा रिफोर्मेशनको अर्थचाहिँ पवित्र आत्माको अगुवाईमा आफ्नो जीवनलाई परिवर्तन गर्ने वा काँचुली फेर्ने र त्यसै अनुसार वढ्दै जाने भित्री हृदयको चाहना हो। परमेश्वरसँग नजिक हुन रोक्ने जुनसुकै तत्वलाई पनि त्याग गर्ने निर्णय सुधारिएको जीवनको लक्ष्य हो। त्यसकारण उडन्ता पुत्र वा विदेशमा हराएको छोराले पनि आफू कतातिर लाग्ने भन्ने निर्णय गर्नु आवश्यक थियो। सुँगुरको खोर र बाबुको भोजमा आनन्द मनाउने अवसरमा कुनलाई चुन्ने? त्यो रोज्ने उसको आत्मनिर्णयको अधिकार थियो। तर उसले दुवैलाई रोज्न सकिन्दैनथ्यो।

तर कुन निर्णय गर्ने त्यो सरल थियो। सुँगुरलाई चराएर बस्ने छोराले आफ्नो घरलाई याद गर्दछ र घरलाई सम्झेर आफूलाई अत्यन्त नियास्रोको वातावरणमा झार्छ। घर सम्झेर सुँगुरसँग रहन उचित नहुने चेतना उसको खोलेको थियो। अनि घर फर्कन उसलाई मुटुको व्यथा लागेको थियो। त्यो मुटुको व्यथा नै त्यो हो जसले हाम्रो हृदयलाई परमेश्वरको अगुवाईमा आत्मिक पुनर्जागरण अर्थात् जागृति र जीवनशैलीमा सुधार वा काँचुली फेर्न अर्थात् रिफोर्मेशनतिर ढकेल्छ। परम पिता परमेश्वरको न्यानो प्रेम पाउन हृदयदेखि चित्कार गर्न पुग्दा हाम्रो जीवनलाई पनि आवश्यक परिवर्तन गर्न प्रोत्साहित हुन्छौं।

आफ्नो बुवा र घरको न्यानो वातावरण सम्झेपछि घर फर्कन चेतना खुलेको युवाले आफ्नो बुवासँग कसरी माफी माग्ने भनेर भाषण

तयार गर्दछ। लूका १५:१८,१९मा उल्लेख गरेको माफी माग्ने वक्तव्य शायद बाटो भरि उसले कण्ठ गरेको होला। तर जब ऊ घर पुग्छ र आफ्नो बाबुको अङ्गालोमा पर्छ बाबुको वचनले उसको भाषणलाई कसरी ओझेलोमा पार्छ, सो पद २०-२२मा उल्लेख गरिएको छ। हराएर फर्किएका छोरोप्रति बाबुले देखाएको अगाध प्रेम र हामीप्रति पनि परमेश्वरको प्रेमको बीचमा के समानता छ त?

**पिताको दृष्टिबाट छोरा टाडा थियो तर हृदयबाट चाहिँ टाढा थिएन। बाबुले प्रत्येक दिन आफ्नो छोराको प्रतिक्षा गर्दछ र झ्यालबाट टाढा टाढा हेरि आफ्नो छोरा आयो कि भनेर हेर्दछ। सुँगरको हिलोले छ्यापिरहेको छोरा भन्दा उसप्रति बाबुको मुटुको व्यथा चर्को हुन्छ। हामीलाई अति नै प्रेम गर्नु हुने परमेश्वरको मुटुमा धक्का लगाउन नचाहने चाहना नै हाम्रो सवभन्दा ठूलो चाहना हो। जब हामीहरूले हाम्रो जीवनमा आत्मिक र चोला अर्थात् आचरणमा परिवर्तन गर्दछौं तब प्रेमिलो परमेश्वरको हृदयलाई नफाट्न निर्णय गरेको हुन्छ। जब परमेश्वरको प्रेमले हाम्रो हृदयलाई छियाछिया गर्दछ तब आत्मिक पुनर्जागृति आउँदछ। हामीलाई नछोड्ने परमेश्वरको प्रेमलाई जब हामी ग्रहण गर्दछौं तब हामीमा चोला अर्थात् जीवनशैलीमा आमूल सुधार हुन्छ। हामीहरूको खराब सोचाई, वानी वा आदत, स्वार्थीपना र आफ्नो भाऊ खोज्ने प्रवृत्तिलाई त्यागनु कठिन त छ, तर तिनीहरूले हामीलाई परमेश्वरबाट टाढा राखेको हुन्छ। तर जब हामी तिनीहरूलाई त्यागन निर्णय गर्दछौं तब आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधारको स्वाद पाउनेछौं।**

"मेरो छोरो मरेको थियो तर फेरि जीवित भयो" भन्ने बाबुको उदगारले आत्मिक पुनर्जागरणको परिभाषा कसरी दिन्छ? मरेर जीउनुको अनुभव कस्तो होला?

## ५. सक्रिय बनाउने आस्था वा विश्वास (यूहन्ना ५:१-१४)

**येशूले अलौकिक अर्थात् अचम्मका कामहरू गरेर परमेश्वर पिताको प्रेम र दयालाई छर्लङ्ग पार्नुभएको थियो। पक्षघात भएका मानिसहरूलाई उहाँले निको पार्नुभएको थियो। तर शारीरिक भन्दा आत्मिक रूपमा पक्षाघात भएकोलाई चङ्गाई गर्ने अझ ठूलो क्षमता येशूले देखाउनुभएको थियो। बटारिएको र वाङ्गिएको हात खुट्टालाई स्वस्थ**

बनाउँदा बटारिएको र बाङ्गिएको हृदय र दिमागलाई पनि उहाँले निको पार्ने प्रवल इच्छा उहाँले देखाउनुभएको थियो। हामीमा भएको आस्था वा विश्वासलाई कसरी सक्रिय बनाउने भनेर येशूको विभिन्न आश्चर्य कामहरूले सिकाउँदछ। आत्मिक जीवनको विकास र परिवर्तनको निम्ति प्रभुका ती आश्चर्य कामहरूले अमूल्य पाठहरू हामीलाई सिकाउँदछन्।

बेथस्दाको पोखरीको परिसरमा ३८ वर्षसम्म निको हुन प्रतिक्षा गरिरहेको एक जना अनामिका पक्षाघाती रोगीलाई येशूले निको पार्नु भएको कथा सक्रिय विश्वासका नमूनाहरूमा एक ज्वलन्त उदाहरण हो। पोखरीको पानी स्वर्गदूतले हल्याएपछि कोही रोगी मानिस त्यहाँ डुव्न गयो भने निको हुन्छ भन्ने किमदन्तीको मारमा त्यो रोगी मानिस अठि्तस वर्षसम्म त्यहाँ लडिरहेको थियो। ऊ निराशको बादलमा भित्र गुम्सिरहेको थियो। उसको जीवन अर्थहिन र कष्टमा पर्नु सिवाय अरू कुनै उपाय देखिएको थिएन, तर जब येशू आउनुभयो तब सबै परिवर्तन भयो।

त्यस कथाको वृतान्त यूहन्ना ५:१-१४मा दिइएको छ। पक्षाघातले कष्ट पाएको मानिसालाई येशूले सोध्नुहुन्छ, “के तिमी निको हुन चाहन्छौ?" (यूहन्ना ५:६)। यस्तो प्रश्न उहाँले किन गर्नुभयो होला? त्यतिको लामो समयसम्म दुःखकष्ट पाएको मानिस निको हुन चाहने स्वभाविकै भएको स्पष्ट छैन र? येशूले त्यस मानिसलाई कुन कारणले निको पार्नु भएको थियो? त्यो मानिसको जवाफ कस्तो थियो? (यूहन्ना ५:७)। त्यसको पूर्ण वृतान्त पढ्नुहोस्: “१केही दिनपछि यहूदीहरूको एउटा चाड आयो र येशू यरूशलेम जानुभयो। २ यरूशलेममा सहरभित्र पस्ने भेडा नाउँ गरेको ढोका छ र त्यसैको छेउमा पाँचतिर पाटी भएको पोखरी छ। यो पोखरीलाई हिब्रू भाषामा बेथेस्दा भनिन्छ। ३ ती पाटी-पौवामा अन्धा, लङ्गडा र हात-खुट्टा नचल्ने धेरै बिरामीहरू बसिरहेका हुन्थे। [तिनीहरू कुन बेला पोखरीको पानी छचल्किन्छ भनेर पर्खिरहेका हुन्थे ४ किनभने बेला-बेलामा प्रभुका एउटा दूत तल आएर पोखरीको पानी छचल्काइदिन्थे। पानीमा लहरी चल्नेबित्तिकै पहिले डुबुल्की मार्ने बिरामीचाहिँ जस्तोसुकै रोग लागेको भए पनि निको भइहाल्थ्यो।] ५ अब ती पर्खिरहने बिरामीहरूमध्ये एक जना अड्तीस वर्षसम्म बिरामी भएको मानिस पनि थियो। ६ येशूले उसलाई त्यहीँ नै लडिरहेको देख्नुभयो। ऊ धेरै वर्षदेखि बिरामी भएको थाहा पाएर येशूले उसलाई भन्नुभयो, “के तिमी निको हुन चाहन्छौ?” ७

त्यस बिरामीले भन्यो, "हजुर, पानीमा लहरी चल्ने बेलामा मलाई पोखरीमा लगेर हालिदिने मेरो कोही मानिस छैन। म जान खोज्दाखोज्दै अर्कोले उछिनिहाल्छ।" ८ तब येशूले भन्नुभयो, "उठ र आफ्नो ओछ्यान बोकेर हिंड।" ९ त्यति नै खेर त्यो मानिस निको भयो र आफ्नो ओछ्यान बोकेर हिंड्यो। तर त्यो दिन पवित्र विश्रामको दिन थियो। १० त्यसो हुँदा यहूदी अगुवाहरूले त्यो निको भएको मानिसलाई भने, "आज पवित्र विश्रामको दिन हो, तिमीले ओछ्यान बोक्नुहुँदैन।" ११ उसले भन्यो, "जसले मलाई निको पार्नुभयो, उहाँले नै मलाई ओछ्यान बोकेर हिंड भन्नुभएको हो।" १२ तिनीहरूले सोधे, "तिमीलाई ओछ्यान बोकेर हिंड भन्ने मानिस को हो ?" १३ आफूलाई निको पार्ने मानिस को हुनुहुन्थ्यो, उसलाई थाहा थिएन। भीड जम्मा भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो। १४ केही समयपछि येशूले उसलाई मन्दिरमा भेटेर भन्नुभयो, "हेर, अब त तिमी निको भएका छौ। फेरि पाप नगर, नत्र तिमी अझै नराम्रो दशामापर्नेछौ।" (यूहन्ना ५:१-१४)।

त्यस मानिसको कथालाई येशूले सुन्नु भएन। त्यससँग उहाँले वादविवाद गर्नुभएन। येशूले खाली यो भन्नुभयो, "उठ, तिम्रो ओछ्यान बोक र हिंड।" (यूहन्ना ५:८)। अत्यन्त महत्त्वपूर्ण प्रश्न त यो थियो, *के त्यो विचरा मानिसले येशूको वचनलाई विश्वास गर्न सक्षम् छ? अनि उहाँको त्यस वचनलाई विश्वास गरेर त्यत्तिका वर्षसम्म नाजुक अवस्थामा परिरहेको मानिसले आफूलाई सक्रिय पार्दछ र?* जब ख्रीष्टक वचनमा विश्वास गर्ने आत्मनिर्णय उसले गऱ्यो, तब ऊ निको भयो। येशूको बोलीमा निको पार्ने वरदान थियो। येशूको वचनमा पवित्र आत्माको शक्ति थियो, त्यस शक्तिलाई आत्मसात गर्दा उहाँको वचन पालन गर्न त्यो विरामी सक्षम् भयो।

"यदि परमेश्वरको प्रतिज्ञालाई तिमीले विश्वास गर्दछौ भने तिमीले क्षमा पायौ र तिम्रो पापलाई पखालियो भनेर विश्वास गर्नुपर्दछ। परमेश्वरले तथ्यलाई तिम्रो सामु पस्की दिनुहुन्छ। त्यसलाई ग्रहण गर्दा तिमी निको हुन्छौ। जसरी अपाङ्ग मानिसलाई ख्रीष्टले बोल्नुहुँदा उहाँको वचनमा त्यो मानिसले विश्वास गरे र निको भयो, त्यहि प्रकारले तिमीले पनि विश्वास गऱ्यौ भने चङ्गाई हुनेछौ।

"म निको भएँ कि भएन भनेर पर्खेर नबस। यसरी भन मात्रै, 'म विश्वास गर्छु। मैले अनुभव गरें वा नगरें भनेर होइन तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको कारणले हो'भनेर पक्का हुनु।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ५१बाट रूपान्तरित।

जब हामी पापको खाल्डोमा निराश भएर जाकिन्छौं तब त्यसबेला परमेश्वरले दिनुभएको क्षमाका प्रतिज्ञाहरूलाई विश्वास गर्नु किन जरूरत छ? हामीहरूको जीवनशैलीमा सुधार हुनुभन्दा पहिले किन पहिला क्षमा पाउनु पर्दछ? ख्रीष्टको शक्तिले हामी विजयी जीवन बिताउन सक्दछौं भनेर दृढ विश्वास अहिले नै किन गर्नुपर्दछ?

## उपसंहारः

थप जानकारीः "मानिसले विजयी जीवन बिताउने महान् कार्यमा उसले केहि गर्नु पर्दैन भन्ने जस्तो धारणा कसैको हुनुहुँदैन। त्यो किनभने मानिसको सहयोग र सहमतीबिना परमेश्वरले केहि पनि गर्नुहुन्न। आफूले गर्नुपर्ने प्रयास सबै गरिसकें अब येशूले सहयोग गर्नुहुन्न भनेर कसैले नभनोस्। ख्रीष्टले भन्नुभयो, 'म बिना तिमीले केहि पनि गर्न सक्दैनौं।' (यूहन्ना १५:५)। सुरूदेखि अन्तसम्म परमेश्वरसँग मिलोमत्तो गरेर मानिसले काम गर्नुपर्दछ। मानव हृदयमा पवित्र आत्माको काम बिना प्रत्येक कदम असफल हुन्छ। मानिस एकलको अथक प्रयास बेकारको हुन्छ। तर ख्रीष्टको सहयोगको अर्थ विजयी जीवन बिताउनु हो।.....विजयी जीवन बिताउन मानिसले केहि गर्नु पर्दैन वा केहि गर्न सक्दैन भनेर लाचार हुनुको सट्टा परमेश्वरको सहयोगले सफल विजयी जीवन बिताउन सकिन्छ भनेर उसले सिक्नुपर्दछ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* पुस्तक १, पृ. ३८१बाट रूपान्तरित।

"सबै खालको सच्चा आज्ञा पालन गर्ने आदत हृदयबाटै आउँछ। ख्रीष्टसँग हृदय गाँसिएर काम गरिन्छ। यदि उहाँको सक्रियतालाई हामीले ग्रहण गर्‍यौं भने हामीहरूको लक्ष्य र विचारमा उहाँ समावेश हुनुहुनेछ। त्यसकारण तिम्रो हृदय र दिमागलाई उहाँको इच्छा पालन गर्न तालिम देऊ। अनि उहाँको आज्ञालाई शिरोपर गरेर हिंड्यौं भने उहाँको इच्छालाई पालन गरेको ठहर्छ। अनि जब हाम्रो चाहना वा इच्छालाई पवित्र बनाउँछौं तब ख्रीष्टको सेवामा अति आनन्द भएको अनुभव गर्नेछौं। परमेश्वर कस्तो हुनुहुन्छ भनेर उहाँको स्वभावलाई चिन्नु भनेको हामीले

पाउने अवसर र सम्मानको विषय हो। यदि त्यस सम्मानलाई हामीले आत्मसात् गर्न खोज्यौं भने हामीहरू जिन्दगीभर उहाँको आज्ञालाई शिरोपर गरेर हिँड्न तत्पर हुन्छौं। परमपिता परमेश्वरसँग नजिक रहेर जति जति ख्रीष्टको चरित्रलाई सराहना गर्दछौं त्यति त्यति पापप्रति हाम्रो वितृष्णा जागेर आउनेछ।" एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. ६६८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. विश्वासद्वारा परमेश्वरका प्रतिज्ञाहरूलाई दावी गर्दा हामी इसाई जीवनको विकास गर्न सक्दछौं। उहाँले जे भन्नु हुन्छ त्यसै अनुसार उहाँ गर्नु हुन्छ भनेर हामीले सधैं विश्वास गर्नुपर्दछ। अनि हामीलाई कस्ता कस्ता खालका प्रतिज्ञाहरू परमेश्वरले गर्नुभएको छ त? (उदाहरणमा १ यूहन्ना १:५-१०, "अब हामीले परमेश्वरका पुत्रबाट सुनेको सन्देश यही हो– परमेश्वर नै उज्यालो हुनुहुन्छ र उहाँमा रत्तिभर अँध्यारो छैन। ६ हामी उहाँको संगतिमा छौं भनी भन्छौं, तर अन्धकारमा नै बस्छौं भने हामी काम-कुरा दुवैमा झूटो छौं। ७ तर उहाँ उज्यालोमा हुनुभएजस्तै हामी पनि उज्यालोमा रह्यौं भने हामीहरू एक-अर्काको संगतिमा रहन्छौं अनि परमेश्वरका पुत्र येशूको रगतले हामीलाई सबै पापदेखि शुद्ध पार्छ। ८ हामीले आफूमा पाप छैन भन्यौं भने हामी आफैंलाई धोखा दिन्छौं र हामीमा सत्य हुँदैन। ९ तर हामीले आफ्ना पाप परमेश्वरको सामु मानिलियौं भने उहाँले हाम्रो पाप मेटिदिनुहुनेछ र सबै नराम्रा कुराबाट शुद्ध गर्नुहुनेछ किनभने उहाँ विश्वासयोग्य र न्यायी हुनुहुन्छ। १० हामीले पाप गरेका छैनौं भन्छौं भने हामी उहाँलाई झूटो ठहऱ्याउँछौं र उहाँको वचन हामीसँग हुँदैन।", फिलिप्पी ४:१३, "ख्रीष्टले दिनुभएको शक्तिले नै यी सबै कुरा म गर्न सक्छु।", याकूब १:५-८, " पृथ्वीमा तिमीहरूले खुब मोज-मज्जा गरेका छौ र काटी मारिने दिनको निम्ति

तिमीहरू मोटाएका छौ। ६ विरोध पनि नगर्ने निर्दोषलाई दोष लगाएर तिमीहरूले माऱ्यौ। ७ त्यसो हुँदा दाजुभाइहरू, प्रभु नआउञ्जेलसम्म धीरजी बस। हेर, खेती गर्नेले बहुमूल्य बाली उब्जाउन कति धीरज धर्छ। उसले वर्षा र हिउँदको पानी पर्खन्छ। ८ तिमीहरू पनि त्यसै गरी पर्खेर दह्रो भई बस। आफ्नो आशा नमार, प्रभु आउनुहुने दिन नजिकै छ।" र रोमी ८:३७-३९ "यी सबै कुरा भए पनि हामीलाई प्रेम गर्नुहुने ख्रीष्टद्वारा नै हामीले यी सबै कुरामाथि ठूलो जित पाएका छौं ३८ किनभने मलाई पूरा थाहा छ, कुनै कुरोले पनि ख्रीष्टको प्रेमबाट हामीलाई अलग गर्न सक्दैन। न त मृत्युले, न त जीवनले न स्वर्गदूतहरूले, न त संसारको शक्तिले, न त अहिलेको, ३९ न त पछिको न माथिको न तलको, सृष्टिका कुनै शक्तिले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्न सक्दैन किनभने परमेश्वरले ख्रीष्टद्वारा हामीलाई प्रेम गर्नुभएको छ।" परमेश्वरका उपरोक्त कबूलहरूलाई तपाईं आफैको निम्ति हो भनेर कसरी निश्चय गर्नुहुन्छ? अझ तपाईंको जीवनमा कस्ता कस्ता कुराहरूलाई चुन्न निर्णय गर्न सक्नुहुन्छ जसले गर्दा ती प्रतिज्ञाहरू तपाईंको जीवनमा यथार्थ हुन जान सक्छ?

इ. "थर थर काम्दै डराएर आफ्नो मुक्तिको निम्ति अथक प्रयास गर" भन्ने प्रेरित पावलको भनाईलाई गहिरिएर सोच्नुहोस्। के कुरामा डराउनु पर्दछ? कसले गर्दा हामी ठर ठर काम्नु पर्दछ?

ई. पत्रुसले जस्तै तपाईंले परमेश्वरलाई कबूल गरेर त्यसको पालना गर्न असफल भएको अन्तिम पटक कहिले हो? त्यस गल्तीबाट तपाईंले के सिक्नुभयो? ख्रीष्टका प्रतिज्ञाहरूले हामी विजयी जीवन बिताउन सक्दछौं भन्ने निति बाइबलमा कहाँ कहाँ छ जसले गर्दा हामीहरू ढुक्क हुनसक्छौं?